मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १६१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार ९ गते सोमबार ❑ 23 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## पोखरा महानगरपालिकाको बजेट ८ अर्ब ३५ करोड

पोखरापत्र संवाददाता
पोखरा, ८ असार

क्षेत्रफलका हिसावले देशकै ठुलो पोखरा महानगरपालिकाले आइतबार बजेट सार्वजनिक गर्दा केही तालमेल मिलाउन नसक्दा आलोचित हुनु परेको छ।

बजेट भाषणमा राम्रो तालमेल नमिल्दा भाषणमा केही समस्या भएको थियो । कार्यक्रममा सार्वजनिक गरिएको बजेट तथा कार्यक्रम एवं रकम समेत फरक पर्न गएको छ। बजेटको आकार ८ अर्ब ३५ करोड १२ लाखको रहेको छ भने यस भित्रको पूंजिगत र चालु तर्फ खुलाइएको छैन् । बजेट घाषणका क्रममा उपमेयर गुरुङलाई कर्मचारीले दिएको अर्को बजेट भाषणको केही भाग पढ्नु भएको थियो। उक्त बजेट भाषणा सुरु भएको केही मिनेटमै एक मिनेट बजेट भाषण रोक्दै उहाँलाई कर्मचारीले अर्को पढ्न बुझाउनु भएको थियो। उपमेयर गुरुङले बजेट भाषण गर्दा पोखरा सभागृहको हल प्रायः खाली जस्तै देखिएको थियो। मेयर धनराज आचार्य विदेश भ्रमण जाने तयारी गरेका कारण बजेट हतारमा ल्याएको श्रोतको दाबी छ। यस अघि मेयर आचार्यले आउदो बर्षको लागि नीति तथा कार्यक्रम प्रस्तुतः गर्नु भएको थियो।




यसैबिच, पोखरा महानगरपालिकाले आउँदो बर्ष २०८२/०८३ को लागि चालु आर्थिक बर्षको तुलनामा ११ प्रतिशतले बढी बजेट प्रस्तुतः गरिएको छ। पोखरा महानगरपालिकाको १७ औं नगरसभामा आर्थिक बर्ष २०८२/०८३ बजेट तथा कार्यक्रमः आइतबार प्रस्तुतः गर्दै पोखराका उपमेयर मन्जुदेवि गुरुङले ८ अर्व ३५ करोड १२ लाख रुपैयाको बजेट सार्वजनिक गरेकी हुन् । उक्त बजेट चालु आर्थिक बर्षको तुलनामा ११.१५ प्रतिशत अर्थात ८३ करोड ८० लाख रुपैया बढी रहेको छ। सो बजेटको खर्च व्यहोर्ने स्रोतहरुमा संघिय सरकार शसर्त अनुदानबाट ३ अर्व १३ करोड १२ लाख अर्थात ३७.४९ प्रतिशत, आन्तरिक आयबाट ५ अर्व २२ करोड अर्थात ६२.५ प्रतिशत ब्यहोरिने भएको छ। त्यसै गरी खर्च केन्द्रगत रुपमा नगर कार्यपालिकाको कार्यालय तर्फ ९५ करोड अर्थात १८.१५ प्रतिशत, सामाजिक विकास तर्फ ३८ करोड अर्थात ७.२८ प्रतिशत, आर्थिक विकास तर्फ १८ करोड अर्थात ३.४५ प्रतिशत, वडा कार्यालय तर्फ १ अर्व अर्थात १९.१६ प्रतिशत, पूर्वाधार तर्फ २ अर्व ३३ करोड अर्थात ४४.६४ प्रतिशत, शहरी विकास पर्यटन वन तथा वातावरण तर्फ ३८ करोड अर्थात ७.२८ प्रतिशत बजेट प्रस्ताव गरिएको छ।

त्यसै गरी आन्तरिक राजश्व परिचालन तर्फ ३ अर्व २३ करोड ७२ लाख २७ हजार अर्थात ६१.८६ प्रतिशत रहेको छ । स्थानीय राजश्व बाँडफाँडबाट १ अर्व १ करोड १९ लाख १४ हजार अर्थात १९.३३ प्रतिशत, प्रदेश राजश्व बाँडफाँडबाट ४ करोड २८ लाख ७२ हजार अर्थात ०.८० प्रतिशत, संघिय राजश्व बाँडफाँडबाट ३३ करोड ८ लाख ४० हजार अर्थात ६.३२ प्रतिशत, संघिय समानिकरण अनुदानबाट ५२ करोड ८७ लाख अर्थात १०.१० प्रतिशत, प्रदेश समानिकरण अनुदानबाट ८ करोड १५ लाख ४६ हजार अर्थात १.५९ प्रतिशत व्यहोरिने बजेटमा समेटिएको छ।

चालु आर्थिक बर्षमा ७ अर्ब ५१ करोड ३२ लाख ८३ हजारको बजेट विनियोजन भए पनि यही जेठ मसान्तरसम्म ४ अर्ब १६ करोड ५२ लाख ६४ हजार अर्थात ५५.४३ प्रतिशत खर्च भएको उपमेयर गुरुङले बताइन्। यस आर्थिक बर्षमा ७५ प्रतिशत खर्च हुने उनको दाबी थियो । चालु आर्थिक बर्षमा १ अर्ब ५५ करोड ५१ लख ४० हजार आन्तरिक राजश्व संकलनको लक्ष्य रहेकोमा जेठ मसान्तरसम्म महानगरले ६२.२० अर्थात ९६ करोड ७३ लाख ५४ हजार रुपैया राजश्व संकलन गर्न सफल भएको छ। त्यसै गरी हरित, उत्थानशील र दिगो पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन, वातावरण संरक्षण, सम्वर्द्धन तथा फोहोरमैला व्यवस्थापन, समावेशी, सन्तुलित र समतामूलक विकास, संस्थागत विकास, सुशासन प्रवर्द्धन तथा गुणस्तरीय सेवा प्रवाह, स्वरोजगार, उद्यमशीलता तथा व्यवसायिक कृषि प्रणालीको प्रवर्द्धन, गुणस्तरीय, जवाफदेही र प्रतिस्पधी मावनस्रोत विकास लगायतका बेटका प्राथमिकता रहेको छ।

## मुस्लिम आयोगद्वारा गण्डकी प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेश

पोखरापत्र संवाददाता
पोखरा, ८ असार

गण्डकीका प्रदेश प्रमुख डिल्लीराज भट्ट समक्ष मुस्लिम आयोगले वार्षिक प्रतिवेदन पेस गरेको छ।

संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था बमोजिम आयोगका कार्यवाहक अध्यक्ष महमदिन अलीले आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन प्रदेश प्रमुख भट्टलाई बुझाउनुभएको हो। प्रदेश प्रमुख भट्टले मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र सम्वर्द्धन तथा सशक्तिकरणका लागि आयोग बनेको उल्लेख गर्दै नेपालका विभिन्न जाति, भाषा, संस्कृति र समुदायका बीचमा सहअस्तित्वका आधारमा आपसी सद्भाव कायम राख्न मुस्लिम आयोग जस्ता आयोगको भूमिका महत्वपूर्ण हुने बताउनुभयो।



प्रतिवेदनमा उल्लेख गरिएका विषयहरू मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमार्फत प्रदेशसभामा छलफलका लागि पेश गरिने प्रदेश प्रमुख भट्टले बताउनुभयो । आयोगका कार्यवाहक अध्यक्ष अलीले आयोगका गतिविधि, उपलब्धि र आगामी योजनाबारे प्रदेश प्रमुख भट्टसमक्ष जानकारी गराउनुभयो।

अलीले मुस्लिम समुदायको अवस्था सुधारका लागि आयोगले प्रयास गरिरहेको बताउँदै पर्याप्त श्रोत साधन, बजेट र अधिकार नहुँदा आयोगले काम गर्न नसकेको गुनासो आयोगको छ।

गण्डकी प्रदेश प्रमुखको कार्यालयमा आयोजित प्रतिवेदन हस्तान्तरण कार्यक्रममा प्रदेश प्रमुख कार्यालयका सचिव बद्रीनाथ अधिकारी, प्रमुख स्वकीय सचिव अर्जुन अधिकारी लगायतको उपस्थिति रहेको थियो। मुस्लिम आयोग स्थापना भएको छ वर्ष बितिसकेको छ। नेपालको संविधानको धारा २६४ अनुसार आयोग गठन भएको थियो । यसका लागि २०७४ सालमा मुस्लिम आयोग ऐन, २०७४ बनेको थियो।

## 'कांग्रेसको महाधिवेशन २०८३ मङ्सिरभित्र हुनुपर्छ'

पोखरापत्र संवाददाता
दमौली, ८ असार

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले पार्टीको महाधिवेशन विसं २०८३ मङ्सिरभित्र हुनुपर्नेमा जोड दिनुभएको छ।

नेपाली कांग्रेस तनहुँ जिल्ला कार्यसमितिले आइतबार आयोजना गरेको कार्यकर्ता भेटघाटलाई सम्बोधन गर्दै उहाँले पार्टीको महाधिवेशन निर्धारित मितिमा हुनुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "म पार्टीको महाधिवेशन निर्धारित मितिमा हुनुपर्छ भन्ने पक्षमा छु, नेपाली कांग्रेसको महाधिवेशन जति लम्बिँदै जान्छ, यसले पार्टीलाई फाइदा गर्दैन।" नेता कोइरालाले २०८४ को आमनिर्वाचन अगाडि महाधिवेशन

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'संघीयतालाई बलियो बनाउन सङ्घीय कानुन निर्माण भइरहेको छ'

पोखरापत्र संवाददाता
पोखरा, ८ असार

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेले सङ्घीयतालाई बलियो बनाउने गरी सङ्घीय कानुन निर्माण भइरहेको बताउनुभएको छ।

समाजवादी प्रेस सङ्गठन नेपाल, कास्कीद्वारा आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा बागमती प्रदेशका पूर्वमुख्यमन्त्रीसमेत रहनुभएका उपाध्यक्ष पाण्डेले सङ्घीयता रहेन भने हामी पुरानै संविधानमा फर्कनुपर्ने अवस्था आउने भएकाले लोकतन्त्रलाई बलियो बनाउन सङ्घीयतालाई बलियो बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले भन्नुभयो, "सङ्घीयतालाई कम खर्चिलो र सानो आकारको बनाउन सकिन्छ । लोकतन्त्रको रक्षाका




लागि सङ्घीयताको रक्षा गर्न सबै एकजुट भएर सहकार्य र समन्वय गर्नु जरुरी छ।" युवा बेरोजगारी हुँदा विदेश जाने क्रम बढेकाले उनीहरूलाई स्वदेशमा रोक्न सरकारले युवा लक्षित कार्यक्रम ल्याउन जरुरी रहेकामा उहाँले जोड दिनुभयो। संसद्मा यतिबेला महत्त्वपूर्ण विधेयकका बारेमा छलफल भइरहेको जानकारी दिँदै उहाँले सङ्घीय निजामती सेवा ऐन, नागरिकता विधेयक, केन्द्रीय निजामती ऐन लगायतबारेमा छलफल भएको उल्लेख गर्नुभयो।

उहाँले सङ्घीयताले लोकतन्त्रलाई बलियो बनाउने भन्दै सङ्घीयताको खर्च घटाउन प्रदेशमा समानुपातिक सांसद हटाउने र पालिकासमेत घटाउन सकिने धारणा राख्नुभयो।

पार्टीका अध्यक्ष माधवकुमार नेपालमाथि पतञ्जलि योग पीठको जग्गा प्रकरणमा लगाइएको आरोप झुटो र राजनीतिक पूर्वाग्रही भएको बताउँदै पार्टी अध्यक्ष नेपालले उक्त आरोपको विषयमा कानुनी र राजनीकि रूपमा सामना गर्दै अघि बढ्ने प्रतिबद्धता जनाउनुभएको वरिष्ठ उपाध्यक्ष पाण्डेले उल्लेख गर्नुभयो। उहाँले 'भिजिट भिसा' प्रकरणमा छिट्टै छानबिन समिति गठन हुनुपर्नेमा जोड दिनुभयो। दुई ठूला दलको सरकार हुँदासमेत भ्रष्टाचार नियन्त्रण हुन नसक्नु दुःखद भएको बताउँदै पाण्डेले राज्यका तीनै तहमा बढ्दो भ्रष्टाचार नियन्त्रणका लागि सरकारले सक्रियता देखाउनुपर्ने माग गर्नुभयो । महँगीका कारण आमनेपालीमा निरासा छाएको छ, महँगी नियन्त्रण गरेर जनताको मन जित्नसक्नु सरकारको मुख्य उपलब्धि हुनेछ", उहाँले भन्नुभयो, "भ्रष्टाचार र महँगी नियन्त्रण गरी सुशासन दिन सकियो भने गणतन्त्र विरोधी पक्षले लोकतन्त्रमाथि औँला उठाउने ठाउँ पाउँदैनन् ।" समाजवादी प्रेस सङ्गठन नेपाल, कास्कीका अध्यक्ष रुद्रबहादुर थापाको अध्यक्षतामा पत्रकार सम्मेलन भएको थियो।


## कांग्रेसभित्रको निराशा हटाउनुपर्छः नेता कोइराला

पोखरापत्र संवाददाता
दमौली, ८ असार

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले पार्टीभित्र देखिएको निराशा हटाउनुपर्ने बताउनुभएको छ।

नेपाल प्रजातन्त्र सेनानी सङ्घ तनहुँले आज दमौलीमा आयोजना गरेको स्मारिका विमोचन एवं सम्मान कार्यक्रममा कोइरालाले पार्टीका कार्यकर्ता निराश रहेकाले निराशालाई आशामा बदल्नुपर्ने अहिलेको मुख्य चुनौती रहेको बताउनुभयो। पार्टी विधानबमोजिम अगाडि बढ्न नसकेको बताउँदै नेता कोइरालाले पार्टीलाई विधानबमोजिम हिँडाउने अभियानमा आफू लागिपरेको जिकिर गर्नुभयो । उहाँले भन्नुभयो, "पार्टी विधानबमोजिम चलेको छैन। भ्रातृ संस्थाको अधिवेशन समयमै भएका छैनन् । पार्टीको महाधिवेशन पनि निर्धारित मितिमै हुन्छ कि हुँदैन भन्ने आशङ्का छ।"

बाँकी अन्तिम पृष्ठमा ▶▶



# शिक्षासेवी डा. टुवराज रहेनन्

पोखरापत्र संवाददाता
पोखरा, ८ असार

शिक्षासेवी डा. टुवराज बास्तोलाको ८२ वर्षको उमेरमा निधन भएको छ।

पोखरा ११ फूलबारीस्थित निवासमा आइतबार मध्यान्ह १२ बजेर ५५ मिनेटमा उनको निधन भएको हो। सम्पूणानन्द विश्वविद्यालय बनारसबाट संस्कृत साहित्यमा प्रथम श्रेणीमा आचार्य तथा विद्यावारिधि गरेका डा. बास्तोलाले लामो समय शिक्षासेवामा अर्पण गरेका थिए।

वाराही माविमा निरन्तर अध्यापन गरेर सेवानिवृत्त भएका



उनी त्यसपछि पनि विभिन्न शैक्षिक, सामाजिक, धार्मिक तथा साहित्यिक संस्थाहरुमा क्रियाशील रहेका थिए। उनी शिवशक्ति मावि, शिक्षा महाविद्यालय र रामेश्वर मन्दिर फूलबारीका पूर्व अध्यक्ष हुन्। यसैगरी, लेखनाथ साहित्य प्रतिष्ठानका सल्लाहकार तथा लेखनाथ जन्मघर जीर्णोद्धार समितिका संयोजक रहेका थिए। उनले शिवशक्ति माविमा प्रतिभा सम्मान कोष स्थापना गरेका छन्। यसैगरी विभिन्न धार्मिक अनुष्ठानहरुमा उनको सहयोग रहेको छ। उनी महेन्द्र विद्याभूषणबाट विभूषित भएका थिए। वाराही मावि, शिवशक्ति मावि, शिव शक्ति क्याम्पस, शिक्षा महाविद्यालय, लेखनाथ साहित्य प्रतिष्ठान, नवनीत साहित्य सागर, विन्दुवासिनी संस्कृत विद्यापीठ लगायतका संस्थाबाट उनी सम्मानित भएका थिए। स्व. बास्तोलाका धर्मपत्नी मुगादेवी, छोरा रमेश, दुई छोरी प्रभा पौडेल र कमला पराजुली तथा पाँच नातिनातिना छन्। साथै, एक दाजु, तीन भाइ र एक बहिनी छन्।

दिवंगत बास्तोलाको शवयात्रा सोमबार बिहान १० बजे हुने परिवारले जनाएको छ। पोखरा-११ सेतीगण्डकी, कालीखोला र भलाम खोलाको दोभान रिठ्ठाघाटमा अन्त्येष्टि हुनेछ।

# सामुदायिक वनलाई लाटोकोसेरो संरक्षण विशेष क्षेत्र घोषणासँगै गुलेली प्रतिबन्ध

पोखरापत्र संवाददाता
पोखरा, ८ असार

लाटोकोसेरोको संरक्षणका लागि स्याङ्जाको पुतलीबजार नगरपालिका-२ स्थित राङ्भाङ भैंसेगौंडा क्षेत्रको रोलबराह र सिम्रिक लेक सामुदायिक वनलाई लाटोकोसेरो संरक्षण विशेष क्षेत्र तथा गुलेली प्रतिबन्ध क्षेत्र घोषणा गरिएको छ।

लाटोकोसेरोको संरक्षणमा योगदान पुऱ्याउने लक्ष्यका साथ यहाँका दुई सामुदायिक वनलाई लाटोकोसेरो संरक्षण विशेष क्षेत्र घोषणासँगै गुलेली प्रतिबन्ध लगाइएको संरक्षकर्मी बालकुमार गुरुङले जानकारी दिनुभयो।

उहाँका अनुसार यस क्षेत्रमा लाटोकोसेरोका सात वटा प्रजाति फेला परेका छन्। लाटोकोसेरोको संरक्षणका साथै यहाँ भेटिएका ११३ वटा बुढा रुखको संरक्षण गर्ने पनि योजना रहेको उहाँले जानकारी दिनुभयो।

वरिष्ठ संरक्षणकर्मी एवं प्रकृतिका साथीहरू संस्थाका निर्देशक राजु आचार्यले बेलायतमा पाउनुभएको हरित क्षेत्रको ओस्कार मानिने ५० हजार पाउण्ड राशिको विश्व प्रसिद्ध 'हिट्ली' संरक्षण पुरस्कारको रकमबाट संरक्षण विशेष क्षेत्र घोषणासँगै गुलेली प्रतिबन्धलगायत कार्यक्रम अघि बढाइएको हो। उक्त पुस्कारबापतको रकम आचार्यले यसअघि नै गण्डकी प्रदेशमा प्रस्ताव गरेको लाटोकोसेरो संरक्षणको काममा पुरस्कार खर्च गरिने घोषणा गर्नुभएको थियो। नेपाल सरकारले बनाएको १० वर्षे 'लाटोकोसेरो संरक्षण कार्य योजना'ले तोकेको कार्यमा रकम खर्च गरिने योजनाअनुरूप यस कार्यक्रमअन्तर्गत गुलेली नियन्त्रण, बुढा रुखको संरक्षण, कृत्रिम गुँडको वितरण तथा लाटोकोसेरोको अवैधचोरीसिकारी नियन्त्रणलगायत रहेको आचार्यले जानकारी गराउनुभयो। तनहुँको दुलेगौंडादेखिस्याङ्जाकोरामबाछा जोडिने ७२ किलोमिटर दूरीको सहस्राब्दी पदमार्ग (मिलेनियम ट्रेक)को लगभग बीच भागमा पर्ने यी वन रहेको क्षेत्र पर्या-पर्यटनका दृष्टिलेसमेत अत्यन्त महत्वपूर्ण रहेको भैसेगौंडा सामूदायिक होमस्टेका अध्यक्ष समेत रहनुभएका संरक्षणकर्मी बालकुमार गुरुङको भनाइ छ। प्रकृतिका साथीहरूले चरणबद्ध रूपमा यही क्षेत्रमा बर्सेनि वन्यजन्तु अनुसन्धान तालिम सञ्चालन गर्दै आएको छ।

# एनवाईईएफको नयाँ नेतृत्वलाई पोखरा उद्योग वाणिज्य संघको बधाइ

पोखरापत्र संवाददाता
पोखरा, ८ असार




पोखरा उद्योग वाणिज्य संघले नेपाली युवा उद्यमी मञ्च (एनवाईईएफ)पोखराको नवनिर्वाचित कार्यसमितिलाई बधाइ ज्ञापन गर्दै उद्यमशीलता विकासमा सहकार्यको लागि आह्वान गरेको छ।

एनवाईईएफ पोखराको वर्ष २०८२/०८३ को लागि समेज राजभण्डारीको अध्यक्षतामा निर्विरोध रुपले नयाँ कार्यसमिति चयन भएको छ। पोखरा उद्योग वाणिज्य संघ एनवाईईएफको संरक्षक हो। नयाँ कार्यसमितिलाई बधाई ज्ञापन गर्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण काकीले युवाहरुलाई उद्यमी बन्नका लागि आह्वानमात्रै गरेनन्,कृषि एवं स्थानीय कच्चा पदार्थमा आधारित उद्योग संचालन गर्दै त्यसलाई पर्यटन उद्योगसँग जोड्न आग्रह गरे। कम्तिमा पर्यटकले उपयोग गर्ने खाद्यान्नदेखि अन्य सामग्री देशमै उत्पादन हुन सके त्यसले व्यक्तिगत लाभका अलावा कुल ग्राहस्थ उत्पादनमा योगदान गर्ने उनको भनाइ थियो।

संघका निवर्तमान अध्यक्ष पवनकुमार प्रजापतिले आफूसँग भएको सीप र दक्षता उत्पादनशील क्षेत्रमा लगाउँदै रोजगारी सिर्जनामा पनि योगदान गर्ने गरी अगाडि बढ्न युवाहरुलाई आग्रह गरे। युवाहरु परम्परागत व्यवसायभन्दा माथि उठ्नुपर्ने पनि उनको सुझाव थियो। एनवाईईएफ,पोखराका अध्यक्ष समेश राजभण्डारीले सहकार्य,सिर्जनशीलतारउद्यमशीलताबाट व्यक्तिगत तथा समाजलाई समृद्ध बनाउनु नै एनवाईईएफको उद्देश्य भएको बताए। उनले पोखरा उद्योग वाणिज्य संघसँगको सहकार्यमा उद्यमशीलता विकासका कार्यक्रम ल्याउने उद्घोष पनि गरे। कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका महासचिव शोभा गौतमले जहाँ युवा हुन्छन्, त्यहीँ भविष्य हुन्छ भन्ने भनाइलाई चरितार्थ गर्न एनवाईईएफको नयाँ नेतृत्वसँग आग्रह गरिन्।

बधाई तथा सम्मान कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघ तथा एनवाईईएफका पदाधिकारी तथा कार्यसमितिका सदस्यहरुको उपस्थिति रहेको थियो। सो अवसरमा संघका अध्यक्ष गोकर्ण कार्कीले एनवाईईएफका निवर्तमान अध्यक्ष इ. विशेष थापालाई सफल कार्यकालको लागि बधाइ ज्ञापन गर्दै मायाको चिनो प्रदान गरेका थिए।

# कुकुर सुचिकृत गर्नुहोस, सुरक्षित रहनु होस-अध्यक्ष शाही

पोखरापत्र संवाददाता
पोखरा, ८ असार

पोखरा महानगरपालिका वडा नं. १७ का वडाअध्यक्ष राधिका शाही योगीले कुकुर वडा कार्यालयमा सुचिकृत गरि रेविजको सुई लगाएर सुरक्षित रहन वडावासीलाई आग्रह गर्नुभएको छ।

सनराईज टोल विकास संस्था पोखरा १७ को दोश्रो बार्षिक साधारण सभाको आज उद्घाटन गर्दै उहाँले वडामा सुचिकृत भएका घरपालुवा कुकुरलाई वडाले निशुल्क रेविजको सुई लगाउने व्यवस्था गरेको जानकारी दिनुभयो। वडामा दर्ता शुल्क सय रुपैया लाग्ने गरेको बताउँदै उहाँले सुचिकृत भएका कुकुरलाई पशुसेवा केन्द्रमार्फत रेविजको सुई लगाउदै आएको वताउनुभयो। शोखका लागि घरमा पालिएका कुकुरलाई बाटोमा लगेर फोहोर गराउनेलाई कार्वाही गरिने उहाँको भनाइ थियो। पशुसेवा केन्द्र छोरेपाटनमा हालसम्म ५० वटा




मात्र घरपालुवा कुकुर दर्ता भएका छन्। गत आर्थिक बर्षमा वडाले सञ्चालन गरेको कुकुर दर्ता अभियानबाट ५० वटा घरपालुवा कुकुर दर्ता भएको भएपनि यस बर्ष भने थप नभएको पशुसेवा केन्द्र छोरेपाटनले जनाएको छ।

सिमीत श्रोत र साधनका वावजुद पनि वडाको समग्र विकासमा जुट्दै आएको बताउँदै वडाअध्यक्ष योगीले भन्नुभयो, जनसंख्याको आधारमा सवै भन्दा ठूलो र बसाई सराईको अत्याधिक चाप भएको यस वडावासीका कतिपय अपेक्षा पुरा गर्न सकिएको छैन।

टोल विकास संस्थाका अध्यक्ष प्राणनाथ पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा वडासदस्यव्दय विक्रम गुरुङ, विष्णुमाया थापा, सनराईज आमा समुहका सचिव गंगा प्रधान,सन्दीप पराजुली, अर्जुन बहादुर बराल,लक्ष्मी थापा, महेन्द्र कुँवर लगायतले टोल छिमेकको विकास निर्माणमा संस्थाले खेल्दै आएको भूमिकाका वारेमा प्रकाश पार्नुभएको थियो।

# रेवान पोखराद्वारा आयोजित तीन तालिम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ८ असार

रेवान पोखराको आयोजनामा विभिन्न तीनवटा तालिमहरू सम्पन्न भएका छन्। रेवान पोखरा मातहतका विभिन्न रेस्टुरेन्टमा कार्यरत ६५ जना कर्मचारीहरूलाई उक्त तालिम प्रदान गरिएको हो।

सम्पन्न बारिष्टा पुनर्ताजगीमा २५ जना, इन्डियन कुजिन तालिममा २० जना र कन्टिनेन्टल



कुजिन तालिममा २० जनाको सहभागिता रहेको थियो। उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेश, नेपाल पर्यटन बोर्ड गण्डकी तथा इन्स्योरेन्स परियोजनाको सहयोगमा कार्यक्रम सम्पन्न भएको हो। तालिमका सहभागीहरूलाई एक समारोहका बीच प्रमाणपत्र वितरण गरिएको छ। उनीहरूलाई समापन समारोहका प्रमुख अतिथि उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष संजीवबहादुर कोइराला, नेपाल पर्यटन बोर्ड गण्डकीका लेखा प्रमुख सागर श्रेष्ठ, इन्स्योरेन्स परियोजना गण्डकी प्रदेश प्रमुख सुशील लिङ्खा, परियोजनाकै प्राविधिक संयोजक प्रतिमा गुरुङ, कान्तिपुर टुरिजम एन्ड होटल म्यानेजमेन्ट कलेजका अपरेसन म्यानेजर निश्चल देवकोटा, कलेजका कलिनरी हेड सुगम तामाङ, बारिष्टा हेड संजय गुरुङ लगायतले प्रमाणपत्र वितरण गरे। समापन समारोहका वक्ताहरुले तालिममा लिएका ज्ञानलाई व्यवहारमा लागू गर्न सके तालिम लिएको औचित्यता पूरा हुनेमा जोड दिए। पर्यटकीय राजधानी सहर पोखरामा दक्ष जनशक्तिको खाँचो रहेको हुँदा यस्तो तालिमको महत्व झनै बढेको उनीहरूको भनाइ थियो। तालिमले रेस्टुरेन्टमा आबद्ध कर्मचारीहरूको सिपमा थप निखारता ल्याएको भन्दै उनीहरूले आगामी दिनमा गुणस्तरीय सेवा प्रदान गर्नेमा विश्वास व्यक्त गरे।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै रेवान पोखराका उपाध्यक्ष बसन्त गौतमले रेवानले विगतका वर्षहरूमा दिँदै आएको तालिमलाई यस वर्ष पनि निरन्तरता प्रदान गरेको बताए। अध्यक्ष विश्वराज पौडेलले रेवानले यो वर्षलाई तालिम वर्षका रुपमा लिएको जनाउँदै आगामी दिनहरूमा पनि कर्मचारीहरूको दक्षतालाई निखार्न थप तालिम गरिने बताए। रेवान पोखराका महासचिव वीरेन्द्र शेरचनले कार्यक्रम सञ्चालन गरेका थिए।

## कृषिमा आधुनिकीकरण गरौं ।

- कृषिमा आधुनिक प्रविधिको प्रयोग गरौं,
- बैज्ञानिक खेती पद्दतीको विकास गरौं,
- उन्नत बीउ र जैविक मलको प्रयोग गरौं,
- सिँचाइ प्रणालीमा सुधार गरौं,
- सिँचाइ नभएको स्थानमा बोरिङ र पम्पसेट प्रयोग गरी सिंचाइ गरौं,
- परम्परागत विषादीको प्रयोग गरी किराफट्याङ्ग्रा नियन्त्रण गरौं,
- बजार ब्यवस्थापन प्रणालीको विकास गरौं,
- कृषक समूहमा आवद्ध भई ज्ञान आदान-प्रदान गरौं,
- कृषि प्राविधिकको सहयोग र सल्लाह लिने गरौं।

"कृषि क्षेत्रमा आत्मनिर्भर बनौं"

नेपाल सरकार
विज्ञापन बोर्ड

## कांग्रेसको .. ..

हुनुपर्नेमा जोड दिनुभयो। स्थानीय, प्रदेश तह र सङ्घीय निर्वाचन समयमा हुने भएकाले त्यसतर्फ सोचेर अगाडि बढ्न नेता कोइरालाले आग्रह गर्नुभयो।

विगतमा नेपाली कांग्रेसको बलियो साङ्गठनिक जिल्लाका रूपमा तनहुँ रहे पनि अहिले त्यस्तो अवस्था नरहेकाले त्यसतर्फ सोच्न उहाँले सबै नेताकार्यकर्तालाई आग्रह गर्नुभयो। तनहुँका नेता रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित हुनुभएपछि यस जिल्लाको परिस्थिति फेरिएकाले अब यहाँको नेतृत्वले नयाँ ढङ्गबाट अगाडि बढाउनुपर्ने आवश्यकता रहेको कोइरालाको भनाइ थियो।

सदस्यता नवीकरणका सन्दर्भमा केही कमजोरी भएको भए वडास्तरमा पुगेर कार्यकर्तालाई सम्झाउनुपर्ने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "जिल्लाका वरिष्ठ साथीहरू वडास्तरमा पुगेर कार्यकर्तालाई सम्झाएर सदस्यता नवीकरण गर्नेतर्फ लाग्नुपर्छ।"

## कांग्रेस भित्रको ...

पार्टीलाई विधानबमोजिम अगाडि बढाउन सकेमात्रै नेता तथा कार्यकर्ता उत्साहित हुने बताउँदै नेता कोइरालाले विसं २०८३ मङ्सिरभित्रै पार्टीको महाधिवेशन हुनुपर्ने बताउनुभयो। त्यसका लागि देशभरका कार्यकर्ताले दबाब दिनुपर्ने उहाँको भनाइ थियो।

भ्रष्टाचार अन्त्य र सुशासन कायमबाट मात्रै मुलुक समृद्ध बन्न सक्ने बताउँदै सरकारले त्यसमा निमर्मतापूर्वक काम गर्नुपर्ने डा कोइरालाले बताउनुभयो। उहाँले भन्नुभयो, "भ्रष्टाचार र कुशासनले मुलुक पछाडि परेको छ। जबसम्म यो सुध्रिदैन देश विकास हुन सक्दैन।" दैलेखमा ग्यास भेटिएको खबरले सकारात्मक सञ्चार प्रवाह गरेको भन्दै कोइरालाले त्यसको सही सदुपयोग हुनुपर्ने बताउनुभयो।

नेता कोइरालाले देशको हरेक परिवर्तनमा प्रजातन्त्र सेनानीको महत्वपूर्ण भूमिका रहँदै आएको बताउनुभयो। पार्टीले प्रजातन्त्र सेनानीका योगदानलाई कहिल्यै नबिर्सने उल्लेख गर्नुभयो।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य दीपक गिरीले भ्रष्टाचार अन्त्यका लागि पार्टीले सशक्त कदम चाल्नुपर्नेमा जोड दिनुभयो। कांग्रेस केन्द्रीय सदस्य शङ्कर भण्डारीले पार्टीको आन्तरिक जीवन व्यवस्थित बनाउनुपर्ने धारणा राख्नुभयो। केन्द्रीय सदस्य गोविन्द भट्टराईले संविधान विरोधी तत्वलाई परास्त गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

प्रजातन्त्र सेनानी सङ्घका केन्द्रीय अध्यक्ष बालकृष्ण दाहालले पार्टीका हरेक तहमा सेनानीलाई आरक्षणको व्यवस्था हुनुपर्ने बताउनुभयो। कार्यक्रममा ११ जना प्रजातन्त्र सेनानीका परिवारलाई सम्मान गरिएको थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ । – अज्ञात

## सम्पादकीय

# प्रधानमन्त्रीको ध्यान जाने यस्तोमा हो

दैलेखमा भेटिएको ग्याँस एक वर्षभित्रै उपयोगमा ल्याउने गरी छिटो परीक्षण उत्पादन सुरु गर्न प्रधानमन्त्री केपी शर्मा ओलीले निर्देशन दिएका छन् । त्यसका लागि आवश्यक बजेट र सहजीकरणमा सरकारबाट कमी नहुने बचन पनि प्रधानमन्त्री ओलीले दिएका छन् । दैलेखमा भेटिएको ग्याँसका विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सम्बन्धित निकायका अधिकारीहरुसँग प्रधानमन्त्री ओलीले ब्रिफिङ लिएका थिए । दैलेखको भैरवी गाउँपालिकाको जलजलेमा ड्रिल गरेर अन्वेषण गर्दा ११२ अर्ब घनमिटर प्राकृतिक ग्याँस भएको पत्ता लागेको प्रारम्भिक प्रतिवेदन चाइना जियोलोजिकल सर्भेले उद्योग मन्त्रालयलाई दिएको थियो ।

चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सम्पन्न ग्याँस अन्वेषण कार्यको नतिजा एवं भावी कार्यदिशाबारे उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीसहित मन्त्रालय र खानी विभागका अधिकारीहरुले प्रधानमन्त्री ओलीलाई आइतबार अवगत गराएका छन। जुन समाचारले नेपालीलाई खुशी बनाएको छ भारतीय संचार माध्यमले नेपालको पक्षमा समाचार प्रशारण / प्रकाशित भएका छन । दैलेखको भैरवी गाउँपालिका–१ जलजलेमा ११२.१ अर्ब घनमिटर प्राकृतिक ग्यास रहेको प्रारम्भिक अध्ययनले देखाएको छ । सन् २०१९ देखि अध्ययन गरिरहेको चाइना जिओलोजिकल सर्भेको अध्ययनले दैलेखमा ठूलो मात्रामा प्राकृतिक ग्यास रहेको देखाएको छ।११३ मिलियन आरएमबी अर्थात् करिब २ अर्ब १७ करोडको लगानीमा यो अध्ययन गरेको हो । जुन करिब ६ वर्षमा सम्पन्न भएको छ ।

प्रारम्भिक अध्ययनले वातावरणमैत्री ठूलो मात्रामा प्राकृतिक ग्यास भेटिएको खानी तथा भूगर्भ विभागका उपमहानिर्देशक तथा प्रवक्ता दिनेशकुमार नापितले बताएका छन। ठूलो मात्रामा ग्यास भेटिएको शकरिब ९० प्रतिशतभन्दा बढी मिथेन ग्यास रहेको देखिएको छ', उनले भने, 'सीएनजीको रूपमा हामीले यो ग्यास प्रयोग गर्न सक्छौं । जुन एलपीजी ग्याँसभन्दा बढी वातावरणमैत्री रहेको छ । यसले एलपीजीलाई विस्थापित गर्न सक्छ ।' प्रारम्भिक अध्ययन प्राप्त भएसँगै परीक्षणका लागि विभागले प्रक्रिया अघि बढाइरहेको छ । चीनले अध्ययनसँगै ग्यासको परीक्षण पनि आफैंले गर्नका लागि प्रस्ताव समेत गरेको छ । परीक्षणको लागत करिब ६५ करोड लाग्ने अनुमान गरिएको छ ।

ग्यासको परीक्षणपछि मात्रै यसको उत्पादन नेपाल सरकार स्वंले पनि गर्न सक्नेछ भने, यसका लागि कुनै निजी कम्पनीलाई पनि दिन सक्ने विभागको भनाइ छ । अबको एक वर्षभित्रै ग्यासको उत्पादन गर्ने लक्ष्यसहित अगाडि बढ्ने उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले बताए । नेपालका लागि यो सबैभन्दा ठूलो फड्कोको रूपमा रहेको उनको भनाइ छ । 'हामीले यसलाई छिटोभन्दा छिटो उत्पादन प्रकृयामा लैजाने प्रयास गरिरहेका छौं । एक वर्षभित्रै उत्पादनमा जानेगरी हामी तयारी गरिरहेका छौं', मन्त्री भण्डारीले भने, 'हाम्रो लागि ठूलो कुरा हो । यसले पक्कै पनि हाम्रो आयातलाई काम गर्न ठूलो भूमिका खेल्ने छ । मन्त्रालय यसमा सकारात्मक छ ।' दैलेखमा भेटिएको ग्यास करिब ११७ खर्ब रुपैयाँ बढी मूल्यको रहेको अध्ययनले देखाएको छ । यसका साथै अहिले नेपालमा ग्यासको खपतलाई आधार मान्दा करिब ६० वर्षसम्म नेपालमा ग्यासको खपत धान्न सक्ने प्रतिवेदनले देखाएको छ ।

हालसम्म ४ हजार १३ मिटर ड्रिल गरिएको छ । जहाँ करिब ९० प्रतिशत भन्दाबढी मिथेन ग्यास रहेको पाइएको छ । सन् २०१६ मा चीन भ्रमणका क्रममा नेपालमा पेट्रोलियम पदार्थको सम्भाव्यता अध्ययन गरिदिने समभ्कदारी भएको थियो । सन् २०१७ अगस्तमा चीनसँग पेट्रोलियम पदार्थ अध्ययनका लागि सहयोग गर्ने सम्झौता भएको थियो । अर्थात् चीनले आफ्नै लगानीमा ग्यासको अध्ययन गर्ने सम्झौता गरेको थियो । तर, सन् २०१९ फेब्रुअरीमा कार्यान्वयनका लागि सम्झौता भएको थियो । यो सम्झौता खानी तथा भूगर्भ विभाग र चाइना फिजियोलोजी सर्भेसँग भएको थियो । सर्भेले प्रारम्भिक अध्ययनको प्रतिवेदन बुझाउने अवधि सन् २०२५ को डिसेम्बरसम्म । तर, केही दिनअघि मात्रै विभागलाई उक्त अध्ययनको प्रतिवेदन पठाइसकिएको छ । अब विभागले प्राप्त गरेको अध्ययन प्रतिवेदनमा मन्त्रालयबाट प्रक्रिया अगाडि बढाएर परीक्षणको काम गरिनेछ । परीक्षणका लागि करिब ७५ दिन लाग्ने जनाइएको छ । चीनले परीक्षण पनि आफैं गर्नका लागि मन्त्रालयलाई सुझाव दिएको छ । यसका साथै नेपालका तीन स्थानमा पनि ठूलो मात्रमा ग्यास रहेको अनुमान गरिएको छ । दाङ, पाल्पा र सुनसरीमा करिब ४३० अर्ब घनमिटर ग्यास रहेको विभागको अनुमान छ । जनतालाई आश्वस्त बनाउने काम सम्पन्न गर्नुपर्छ। त्यसतर्फ प्रधानमन्त्रीका निर्देशन अनुसार काम गर्न सम्बन्ध सबैको सहयोग आवश्यक हुन्छ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : आर्थिक समस्या | धनु | : शारीरिक झमेला |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : मानसिक तनाव |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्भनुहोस् ।

# बेनीको खेलमैदानमा 'प्याराफिट' निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, ८ असार

जिल्ला सदरमुकाम बेनीस्थित खेलमैदानलाई फराकिलो पारेर 'प्याराफिट' बनाउन थालिएको छ । खेलमैदानको दायाँतर्फ रहेको कालीगण्डकी नदीको किनारबाट पर्खाल उठाएर फराकिलो पारिएको खेलमैदानको सतह भन्दा माथि दर्शक बसेर खेल अवलोकन गर्ने प्याराफिट बनाउन लागिएको हो ।

चार तहको २० मिटर लामो प्याराफिट बनाउन रु १९ लाख ९३ हजारमा ठेक्का सम्झौता गरेको कस्तुरी कन्स्ट्रक्सनले ढलानको काम थालेको बेनी नगरपालिका–७ का वडाध्यक्ष रमेश श्रेष्ठले बताउनुभयो । कालीगण्डकी नदीतर्फ खेलमैदान विस्तार गर्न यसअघि उठाइएको पिल्लरमाथि प्याराफिट बनाउन चालु आवमा नगरपालिकाले रु २५ लाख र सङ्घीय सरकारले रु २० लाख बजेट विनियोजन गरेको थियो ।

सङ्घीय सरकारको योजनामार्फत थप करिब १५ मिटर प्याराफिट बनाउन उपभोक्ता समितिले सम्झौता गरेका छन् । चालु आर्थिक वर्षमा दुई वटा शीर्षकका आयोजनामार्फत करिब ३५ मिटर प्याराफिट तयार पार्ने लक्ष्यका साथ काम भइरहेको छ । "यसअघि ९७ मिटर भएको बेनी खुला मञ्चको खेलमैदानको लम्बाइ विस्तार गरेर १०० मिटर बनाएका छौं", वडाध्यक्ष श्रेष्ठले भन्नुभयो, "३८ मिटर चौडाइ भएको खेलमैदानलाई ४५ मिटर चाक्लो बनाउन म्याग्दी नदीको किनारमा पर्खाल उठाएर प्याराफिट बनाइसकिएको छ ।" एघार/एघार जना फुटबल खेलाउन मिल्ने बनाउन गत वर्ष बेनी भगवती मन्दिरको पर्खाललाई तीन मिटर पछि सारेर खेलमैदानको लम्बाइ १०० मिटर बनाइएको थियो । खेलमैदानको क्षेत्रफल विस्तार गर्न बेनी नगरपालिकाले गत आर्थिक वर्षमा रु ५० लाख विनियोजन गरेको थियो । सो बजेटबाट खेलमैदानमुनि कालीगण्डकी र म्याग्दी नदीको दोभानमा दुई कोठे मलामी घर र मन्दिर परिसरको पर्खाल सारिएको वडाध्यक्ष श्रेष्ठले बताउनुभयो । मलामी घरको माथिल्लो भागमा सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना म्याग्दीमार्फत ११ वटा सार्वजनिक शौचालय निर्माण गरेको छ । 'बेनी मिनि रङ्गशाला' म्याग्दी जिल्लाको प्राथमिकता प्राप्त र बेनी नगरपालिकाको गौरवको आयोजना हो । यसअघि म्याग्दी नदीको किनारतर्फ १०५ मिटर लामो र पाँच मिटर अग्लो पर्खाल बनाएर त्यसमाथि करिब १०० मिटर लामो प्याराफिट बनाइएको थियो । दर्शक बसेर खेल अवलोकन गर्ने प्याराफिटको बाहिरी भागमा बल बाहिर जान नदिन र अग्लो तारजाली लगाइएको छ । कालीगण्डकी र म्याग्दी नदीको दोभानमा रहेको मैदानलाई विस्तार गर्न र प्याराफिट बनाउन विसं २०७४ मा रु नौ करोड लागत अनुमान गरिएको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारिएको थियो । फुटबल, क्रिकेट र एथलेटिक्स खेलको अभ्यास गर्ने र प्रतियोगिता सञ्चालन गर्ने एकमात्र मैदान खुला मञ्च हो । जिल्लास्तरीय मेला, महोत्सव, सभा, समारोह, सांस्कृतिक कार्यक्रम र सम्मेलन यहीं हुने गर्छ । हाल नौ/नौ जनाको फुटबल खेलाइने खेलमैदान विस्तार गरेपछि ११/११ जनाको समूह खेलाउन सकिन्छ । हाल फुटबल खेल्दा खेलाडीले फालेको बल खोलामा पुगेर हैरान हुन्छ । विसं २०५१ मा तत्कालीन सांसद निल पुनले सांसद विकास कोषबाट रु एक लाख बजेट विनियोजन गरेर खुल्ला मञ्चलाई व्यवस्थित बनाउन सुरु गरिएको थियो । आर्थिक वर्ष २०७७/७८ र आव २०७८/७९ मा बजेटविहीन हुँदा अलपत्र बनेको बेनी खेलमैदान योजनालाई पूर्णता दिन यसअघिका दुई आर्थिक वर्षमा बेनी नगरपालिकाले रु ५०/५० लाख बजेट व्यवस्थापन गरेको थियो ।

# राससकर्मी थकाली सम्मानित

रासस
मुस्ताङ, ८ असार

राष्ट्रिय समाचार समिति (रासस)का मुस्ताङ संवाददाता सुन्दरकुमार थकालीलाई मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले सम्मान गरेको छ ।

गाउँपालिकाले २२औं गाउँसभा अधिवेशनको अवसरमा गाउँपालिका तथा समग्र जिल्लाको विकासमा पत्रकारितामार्फत योगदान पुऱ्याएको उल्लेख गर्दै रु १० हजार, दोसल्ला र प्रमाणपत्रसहित सम्मान गरेको हो ।

मुस्ताङको समग्र आर्थिक विकास, सुशासन, समृद्धिका साथै जिल्लाको धार्मिक, सांस्कृतिक, सामाजिक, जैविक विविधतालगायतका क्षेत्रमा कलम चलाएको उल्लेख गर्दै थकालीलाई सम्मान गरिएको गाउँपालिकाका अध्यक्ष रिडजिङ नामगेल गुरुङले बताउनुभयो ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. ९ माछापुच्छ्रे सञ्चयकोष पथमार्ग स्तर उन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम : माछापुच्छ्रे सञ्चयकोष पथमार्ग स्तरोन्नती**

**उपभोक्ता समितिको नाम : माछापुच्छ्रे सञ्चयकोष पथमार्ग निर्माण उपभोक्ता समिति, पोखरा–९, कास्की**

**योजना सम्झौता मिति : २०८१/०८/०९ गते**

**योजना सुरु मिति : २०८१/०८/१० गते**

**योजना सम्पन्न भएको मिति : २०८२/०३/०१ गते**

**महानगरपालिकाबाट प्राप्त : १०,००,०००/-**

**जनसहभागिता : १,८०,९९०/-**

**योजनाको कुल लागत : ११,८०,९९०/-**

**उत्तम जोशी**
**अध्यक्ष**
**माछापुच्छ्रे सञ्चयकोष पथमार्ग निर्माण उपभोक्ता समिति, पोखरा–९, कास्की**

# लक्ष्यअघि नै पूरा भयो बेनी चक्रपथ स्तरोन्नति

पोखरापत्र संवाददाता
गण्डकी, ८ असार

सदरमुकाम बेनीस्थित कालीगण्डकी र म्याग्दी नदी किनारै किनारको चक्रपथ सडक स्तरोन्नतिका लागि सञ्चालित योजना समयअघि नै सम्पन्न भएको छ । सडक स्तरोन्नतिका लागि सहरी विकास तथा भवन आयोजना बागलुङ र निर्माण कम्पनी काठमाडौँबीच २०८१ साल चैत १९ गते रु तीन करोड १९ लाख २० हजार ६८० मा ठेक्का सम्झौता भएको थियो ।

विसं २०८२ असार १५ गतेसम्म ठेक्काको म्याद भएको योजनाको ठेकेदार कम्पनीले २० दिनअघि नै सम्पन्न गरेको आयोजनाका इञ्जिनियर वीरबल सुनारले बताउनुभयो । "सम्झौताअनुसारको परिमाणमा नाली, पर्खाल निर्माण र ढलान गर्ने काम सकिएको छ", उहाँले भन्नुभयो, "प्राविधिक नापजाँच पनि भइसकेको छभने भुक्तानी दिन बाँकी छ ।" बेनी–८ कालीपुलबाट दोभान हुँदै खुलामञ्चको पश्चिमतर्फ बहुउद्देश्यीय मैदान छेउसम्म नौ सय मिटर लम्बाइमा पाँचदेखि छ मिटर चौडाइका दरले ढलान गरिएको सडक निर्माण गरिएको छ । रङरोगन भएको सडकमा 'आइ क्याट' राखिएको छ । अन्य आयोजना पनि लक्ष्यअघि नै सकिए निर्माण कम्पनीका सञ्चालक सुवासचन्द्र कार्कीले सम्झौतालगत्तै पर्याप्त मजदुर र उपकरण परिचालन तथा निर्माण सामग्री व्यवस्थापन गरेर लक्ष्यअघि नै योजना निर्माण गरेको बताउनुभयो । बजेट अभाव, आर्थिक सङ्कट, निर्माण सामग्रीको मूल्यवृद्धि, सामाजिकलगायत समस्या देखाएर धेरै आयोजनामा ढिलासुस्ती भइरहेको छ । निर्माण कम्पनीले जिम्मा लिएका म्याग्दीका अन्य दुई योजना पनि लक्ष्यअघि नै सम्पन्न भएका छन् ।

बेनी नगरपालिकाले सञ्चालन गरको बेनी–अर्थुङ्गे–तोरीपानी–पाखापानी सडक योजना लक्ष्यभन्दा तीन महिनाअघि नै सम्पन्न भएको छ । विसं २०८१ पुस १९ गते रु दुई करोड नौ लाखमा निर्माण कम्पनीबीचमा ठेक्का सम्झौता गरेको योजना २०८२ असार २५ गतेभित्र सम्पन्न गर्ने लक्ष राखिएको थियो । बेनी–अर्थुङ्गे–तोरीपानी–पाखापानी सडक योजनामार्फत प्रवेशबिन्दु, रातोपहिरो, नेप्टेचौर, काउरा, आरते, गिठीनी र आखेत क्षेत्रको अप्ठ्यारो गाउँमा सडक फराकिलो पार्ने, ग्याबियन पर्खाल, नाली र ढलान गरेर स्तरोन्नति गर्ने काम चैतमा नै सकिएको थियो ।

बेनी–जामसोम–कोरला सडक योजनाअन्तर्गत तीन किलोमिटर दूरीको बेनी–गलेश्वर सडक स्तरोन्नति दुई वर्षमा सम्पन्न गर्ने ठेक्का सम्झौता एक वर्षअघि नै सम्पन्न गर्नुभएको थियो । निर्माण कम्पनीले २०७९ पुस १७ गते रु १२ करोड ७५ लाखमा ठेक्का सम्झौता भएको उक्त योजना २०८० पुसमा सकिएको थियो । "लक्ष्यअघि नै काम सम्पन्न गरे पनि भुक्तानी समयमा नपाउँदा समस्या भएको छ", उहाँले भन्नुभयो, "झन्झट र झमेलामा पारेर भुक्तानीमा ढिलासुस्ती गरिदिदाँ निराश भएको छु ।" चक्रपथमा पहलपहल नदी कटानबाट सुरक्षित राख्न निर्माण गरिएको तटबन्धमाथि 'आरसिसी' ढलान गरी चक्रपथ बनाएपछि नदी तटमा रहेको बेनीबजार सुरक्षित हुनुका साथै आकर्षक देखिएको छ । नदी किनारको सडकमा साँझ बिहान पैदलयात्रा गर्न र गर्मी छल्न बजारवासीको चहलपहल बढेको छ । प्राविधिकहरूका अनुसार अन्तिमपटक ढलान भएको २१ दिनपछि सडकमा यातायात सञ्चालन गर्न सकिनेछ । क्रमागत योजनाअनुसार आगामी वर्ष दरवाङ बसपार्क ढलान र टर्मिनल भवन निर्माणका लागि सहरी विकास मन्त्रालयमा योजना प्रस्ताव गरिएको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताउनुभयो । "सरकारको देशभर १० वटा नमूना नगरपालिका बनाउने कार्यक्रमअन्तर्गत बेनीबजारस्थित चक्रपथ स्तरोन्नति गरिएको हो", उहाँले भन्नुभयो, "बेनी बजारको बाहिरी क्षेत्र कालीगण्डकी र म्याग्दी नदीको किनारैकिनार चक्रपथ बनेपछि सवारीसाधन आवागमनमा सहज, बजार क्षेत्रको भित्री भागमा सवारीको चाप र दुर्घटनाको जोखिम घटेको छ ।" बाढीको उच्च जोखिमयुक्त जिल्ला सदरमुकाम बेनीबजार संरक्षणका लागि सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कास्कीमार्फत पक्की पर्खाल निर्माण योजना अन्तिम चरणमा पुगेको छ । नदी नियन्त्रणका लागि पक्की पर्खाल निर्माण भएपछि किनारमा माटो राखेर फिलिङ गरेर सडक बनाइएको थियो ।

# पुतलीबजारको बजेट १ अर्ब ३ करोड

पोखरापत्र संवाददाता
स्याङ्जा, ८ असार

स्याङ्जाको पुतलीबजार नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि १ अर्ब ३ करोड ९६ हजार रुपैयाँ बराबरको बजेट ल्याएको छ । १७ औं नगर सभामा नगर उपप्रमुख देवी अर्यालले आगामी आवको लागि उक्त रकम बराबरको बजेट ल्याएकी हुन् ।

बजेटमा चालुतर्फ ६४ करोड ८ लाख र पुँजीगत तर्फ ३९ करोड ८८ लाखको बजेट प्रस्ताव गरिएको छ । शिक्षालाई पहिलो प्राथमिकतामा राखी ५ वर्षे शैक्षिक रणनीति सहित नगर शिक्षा योजना तयार गर्ने, कक्षा ५ सम्मका बालिका र दलित छात्रवृत्ति सहित निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने, एक वडा एक खेल मैदान बनाउने महत्वकांक्षी बजेट प्रस्तुत गरिएको छ ।

कक्षा १२ परीक्षा दिएकालाई लोक सेवा तथा क्यारिएर काउन्सिलिङ तथा सूचना प्रविधिसम्बन्धी तालिम, योग, ध्यान, व्यायाम, आयुर्वेदिक उपचार, स्वास्थ्य स्वयंसेविका, सरसफाइकर्मी, कुमाल, बोटे, माझी, गन्धर्व, वादी र 'ग' वर्गका अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क स्वास्थ्य बिमा, ज्येष्ठ नागरिकको निःशुल्क स्वास्थ्य जाँचसहित नीति लिएको बजेटमा उल्लेख गरिएको छ ।

यसैगरी, बजेटमा उपप्रमुखसँग सुत्केरी आमा पोषिलो खाना, उपप्रमुखसँग महिला, ९० दिन ९० अण्डा, सार्वजनिक पर्यटकीय स्थल, ऐतिहासिक मठ, मन्दिर पाटीपौवा, प्रतीक्षालय, विभिन्न धार्मिक विद्यालय तथा स्थानहरु, खानेपानी तथा शौचालय निर्माणमा प्राथमिकता, एकीकृत खानेपानी आयोजना, कृषि उत्पादनमा जोड, ५० प्रतिशत अनुदान, बाँभो जग्गामा खोती गर्नेलाई प्रतिरोपनी २ सय नगद अनुदान सहित प्रोत्साहित गर्ने व्यवस्था गरिएको छ ।

साथै, सहकारी शिक्षा, निस्क्रिय सहकारीलाई लिक्विडेशन तथा मर्जरको व्यवस्था, बेरुजु सम्परीक्षण, कर्मचारी तथा जनप्रतिनिधिका क्षमता तथा दक्षता अभिवृद्धिसँगै सूचना तथा प्रविधिको पहुँचमा ल्याइने, टुक्रेयोजना निरुत्साहित, घरधुरी सर्वेक्षण, पुरातत्व झल्किने चुना, ईंटा, साल, तामाका छानाको प्रयोगमा जोड, एक घर एक फलफूल बिरुवा, एक वडा एक पोखरी, एक वडा एक हरियाली पार्क निर्माणमा जोड दिइने झण्डै २ सय बुँदे कार्यक्रम ल्याइएको छ ।

# लिटिल स्टेप मा.वि.मा दन्त परीक्षण शिविर सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ८ असार



लिटिल स्टेप मा.वि., सिमलचौर, पोमनपा – ८ ले कान्तिपुर डेन्टल हस्पिटल तथा पैरवी हेल्थ एन्ड डेन्टल केयर सेन्टर न्यूरोडको प्राविधिक सहयोगमा विद्यालयमा हाल प्ले ग्रुप, नर्सरीदेखि कक्षा १० सम्म अध्ययनरत विद्यार्थीहरुको निशुल्क मुख, गिँजा र दन्त परीक्षण शिविर आफ्नै परिसरमा आयोजना गऱ्यो ।

कान्तिपुर डेन्टलको तर्फबाट डा. सोनिषा पाठकको नेतृत्वमा १९ डेन्टल प्राविधिक तथा पैरवी हेल्थको तर्फबाट डा. नमुना घिमिरेको नेतृत्वमा ५ जना प्राविधिक टोलीद्वारा उक्त शिविरमा दन्त परीक्षण, हल्लिएको दाँत निकाल्ने, दाँतमा समस्या देखिएका विद्यार्थीलाई परामर्श सेवा एवम् श्रव्यदृष्य माध्यमबाट अभिमुखीकरण कार्यक्रम निःशुल्क रूपमा संचालन गरिएको थियो । यस्तो सेवामुखी स्वास्थ्य कार्यक्रम विद्यार्थीका लागि अति नै उपयोगी र प्रभावकारी भएको भनाइ राख्दै विद्यालयका संस्थापक अध्यक्ष शेरबहादुर गुरुङ तथा संस्थापक प्राचार्य श्रीमती पम्फा गुरुङले दुबै स्वास्थ्य टोली प्रति आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# पोखरा युनाइटेड एकेडेमीमा एसइई कप सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असार

पोखरा महानगरपालिका वडा नं १२ स्थित पोखरा युनाइटेड एकेडेमीमा एसइई कप २०८२ सम्पन्न भएको छ। प्रतियोगिताअन्तर्गत बास्केटवल (छात्र) तर्फ बेनी नगरपालिका (बेनपा) ले जितेको छ। बेनपाले अन्नपूर्ण गाउँपालिका बीलाई पराजित गर्दै उपाधि जितेको हो।

विजेता बेनपाले १२ हजार तथा उपविजेता अन्नपूर्ण गाउँपालिका बीले आठ हजार रुपैयाँ नगद पुरस्कार, ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गरेका छन्।

यस्तै बास्केटवल (छात्रा) तर्फको उपाधि अमिचीले जितेको छ। मर्दीखोलालाई पराजित गर्दै उपाधि जितेको अमिचीले १२ हजार रुपैयाँ नगद पुरस्कार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। उपविजेता मर्दीखोलाले आठ हजार रुपैयाँ नगद पुरस्कार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। बास्केटवलमा छात्रतर्फ ३४ र छात्रातर्फ नौ गरी ४३ टिमले प्रतिस्पर्धा गरेको विद्यालयका



सहायक प्राचार्य गोविन्दप्रसाद चापागाईंले जानकारी दिए।

यता, भलिबल (छात्र) तर्फको उपाधि न्यू ग्यालेक्सी माविले जितेको छ। न्यू ग्यालेक्सीले पोखरा युनाइटेडलाई पराजित गर्दै उपाधि रक्षा गरेको हो। विजेता न्यू ग्यालेक्सीले १२ हजार र उपविजेता पोखरा युनाइटेडले आठ हजार रुपैयाँ नगद पुरस्कार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। यस्तै भलिवल (छात्रा) तर्फ भकुण्डेको शान्ता माविले पोखरा युनाइटेडलाई हराउँदै उपाधि जितेको छ। विजेता शान्ताले १२ हजार र उपविजेता पोखरा युनाइटेडले आठ हजार रुपैयाँ नगद पुरस्कार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। भलिवलमा ४० छात्र र १० छात्रा गरी ५० टिमको सहभागिता रहेको थियो।

यता, फुटसलको उपाधि वेलनन एकेडेमीले जितेको छ। वेलननले स्टेप बाई स्टेप बीलाई पराजित गर्दै उपाधि रक्षा गरेको हो। विजेता वेलननले १२ तथा उपविजेता स्टेप बाई स्टेप बीले आठ हजार रुपैयाँ नगद पुरस्कार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे। प्रतियोगितामा ३२ टिम सहभागी थिए। यस्तै तीन चरणमा भएको क्वीज प्रतियोगितामा पोखरा युनाइटेड एकेडेमी, गण्डकी बोर्डिङ स्कुल र शान्ति निकेतन स्कुल प्रथम भएका छन्। विजेता तीन वटै विद्यालयले चार/चार हजार रुपैयाँ नगद पुरस्कार ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन्। प्रतियोगितामा १२ टिमको सहभागिता रहेको थियो।

विजेता टिम तथा खेलाडीलाई विद्यालय व्यवस्थापन समिति अध्यक्ष शिवबहादुर भण्डारी, प्राचार्य बयानबहादुर गोदार, सहायक प्राचार्यद्वय देवेन्द्र अधिकारी र गोविन्दप्रसाद चापागाईं, विद्यार्थी संयोजक फणीन्द्रराज पौडेललगायतले पुरस्कार वितरण गरेका थिए। २०५० सालमा स्थापित विद्यालयमा हाल नौ सय ५० विद्यार्थी रहेकामा कक्षा ११ र १२ मा मात्रै दुई सय ५० विद्यार्थी छन्। विद्यालयका कक्षा ११ र १२ मा विज्ञान, व्यवस्थापन र होटल व्यवस्थापनको पढाई हुँदै आइरहेको छ। विद्यालयका अनुसार आगामी दिनमा मोवाइल, टीभी र अन्तर्राष्ट्रिय भाषासँग सम्बन्धित कक्षा सञ्चालनको तयारी गरिएको छ।

# विकले हात पारिन गण्डकी लोकताराको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असार

राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल गण्डकी प्रदेश समितिद्वारा आयोजित लोकगायन प्रतियोगिता 'प्रथम गण्डकी लोकतारा'को उपाधि बागलुङका प्रेम विकले हात पार्नुभएको छ।

शनिबार पोखरामा भएको फाइनल प्रतियोगितामा बाँकी १७ जना प्रतिस्पर्धीलाई उछिन्दै उहाँ 'प्रथम गण्डकी लोकतारा' बन्न सफल हुनुभएको हो। विकले उपाधिसँगै नगद पुरस्कार रु ५१ हजार १११ प्राप्त गर्नुभयो। प्रतियोगितामा स्याङ्जाकी शिला गुरुङले दोस्रो स्थान हासिल गर्दै रु ३१ हजार १११, तृतीय स्थान प्राप्त गर्ने म्याग्दीका विजय परियारले रु २१ हजार १११ प्राप्त गर्नुभयो। सान्त्वना स्थान हासिल



गर्ने दिलीप मानन्धरले रु ११ हजार १११ प्राप्त गर्नुभयो।

उत्कृष्ट आवाजतर्फको उपाधि गोरखाका पवनसिंह परियारलाई प्रदान गरियो। प्रथम, द्वितीय र तृतीय हुने कलाकारलाई निःशुल्क गीत रेकर्डिङको समेत अवसर दिइने प्रतिष्ठानको गण्डकी प्रदेश कार्यसमितिका अध्यक्ष राजन कार्कीले जानकारी दिनुभयो। प्रतिभा पहिचानसँगै लोकसङ्गीत जगेर्ना गर्ने उद्देश्यले आयोजना गरिएको प्रतियोगितामा जिल्लास्तरीय 'अडिसन'बाट छानिएका १८ प्रतिस्पर्धीले भाग लिएका थिए। मुस्ताङ र मनाङबाहेक गण्डकी प्रदेशका नौ जिल्लामा 'अडिसन' सञ्चालन गरिएको थियो।

प्रतियोगिताको निर्णायकमा गायक दुर्गा रायमाझी, पुरुषोत्तम न्यौपानेलगायत रहनुभएको थियो। विश्व सङ्गीत दिवसको अवसर पारेर प्रतिष्ठानको प्रदेश कार्यसमितिले पहिलोपटक प्रदेशस्तरीय बृहत् लोकगायन प्रतियोगिता आयोजना गरेको हो। प्रतियोगिताको उद्घाटन गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री बिन्दुकुमार थापाले गर्नुभएको थियो।

# बुद्ध विशाल बजारमा निःशुल्क स्वास्थ्य शिविर, १५० जना लाभान्वित

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असार

बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको आयोजना तथा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र पोखरा ८ को सहकार्यमा गरिएको निःशुल्क स्वास्थ्य शिविरमा १५० जना लाभान्वित भएका छन्।

बुद्ध विशाल बजारमा आयोजना गरिएको उक्त स्वास्थ्य शिविरमा व्यवसायीहरू,कर्मचारीहरूलाई उच्च रक्तचाप, मधुमेह,मोटोपन तथा मृगौला सम्बन्धी निःशुल्क जाँच गरिएको थियो। स्वास्थ्य शिविर तथा स्वास्थ्य सचेतना कार्यक्रममा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रबाट निशुल्क आवश्यक औषधिहरू समेत वितरण गरिएको थियो। स्वास्थ्य शिविरमा बोल्दै बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका मानार्थ सदस्य तथा पुर्व अध्यक्ष केशव वहादुर खत्रीले स्वास्थ्यलाई मुख्य प्राथमिकतामा राखेर एशोसियसनले निशुल्क स्वास्थ्य शिविर राखेकोमा एशोसियसनलाई धन्यवाद दिदै खत्रीले व्यवसायीको हितका



लागि आगामि दिनहरूमा पनि यस्ता महत्त्वपूर्ण कार्यक्रमहरू गर्नको लागि एशोसियसनलाई अनुरोध गरे। बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष ईन्द्रराज अर्यालले व्यवसायीको स्वास्थ्यलाई मध्यनजर गरी शिविर कार्यक्रम गरिएको बताउदै यसअघि समेत एशोसियसनलेविभिन्नकार्यक्रमहरु गरिरहेको बताए। बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका उपाध्यक्ष बुद्धि वहादुर कुँवरले शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रसँगको सहकार्यमा गरिएको यो स्वास्थ्य शिविर आगामी दिनहरूमा अझ व्यवस्थित किसिमले गरिने बताए। शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रका डा.विशाल सुवेदीले विभिन्न रोगहरू लाग्नबाट बच्न स्वस्थ जीवनशैली अपनाउनुपर्ने र खानपानमा विशेष ध्यान दिनुपर्नेमा जोड दिए।

शहरि स्वास्थ्य प्रवर्द्धन केन्द्रका सिनियर स्वास्थ्यकर्मी बैजनाथ प्रसाद गुप्ताले आगामी दिनहरूमा पनि बुद्ध विशाल बजार व्यापारिक एशोसियसन र शहरि स्वाथ्य प्रवर्द्धन केन्द्रले सहकार्य गरेर यस्ता कार्यक्रमहरू गरिने बताए। कार्यक्रम बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका महासचिव राजु केसीले सन्चालन गरेका थिए। शिविरमा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रबाट संस्था प्रमुख कुश्मराज सुवेदी सहित १२ जनाको टोलिले सेवा दिएको थियो।

# बागलुङकी रुयासा मगर महिला विभाग प्रमुखमा चयन

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असार

नेपाल मगर विद्यार्थी संघको १२ औ राष्ट्रिया महाधिवेशन पश्चात निर्वाचित केन्द्रिय समितिको प्रथम पूर्ण बैठक तथा प्रशिक्षण कार्यक्रम सम्पन्न , काठमाडौ प्रदर्शनी मार्गमा भएपछि बागलुङकी निर्वाचित केन्द्रिय सदस्य रुयासा थापा मगर महिला विभाग प्रमुखमा चयन हुनु भएको छ। सो प्रथम बैठक तथा प्रशिक्षण कार्यक्रमको प्रमुख अतिथि नेपाल मंगर संघका सह–अध्यक्ष श्री गंगा बहादुर थापा मगरको आतिथ्यतामा भएको थियो।

सो बैठक तथा प्रशिक्षण कार्यक्रमका आदिवासी जनजाति आयोगका अध्यक्ष माननीय राम बहादुर थापा मगर, नेपाल मगर संघका सल्लाहकार श्री दिल



बहादुर थापा मगर, नेपाल प्रज्ञा प्रतिष्ठानका प्रज्ञा सदस्य तथा नेपाल मगर लेखक सघका अध्यक्ष डा. विष्णु कुमार सिंजाली मगर, नेपाल सरकारका उपसचिव श्री बल बहादुर घर्ती मगरले विभिन्न शिर्षकमा प्रशिक्षण गर्नु भएको थियो। बैठकले आर्थिक, भौतिक नैतिक लगायत सबै तबरले साथ सहयोग गर्नुहुने महानुभावहरुलाई हार्दिक धन्यवाद तथा हार्दिक आभार व्यक्त गरेको गरेको छ।

साथै बैठकले शैक्षिक विभाग, अतिरिक्त क्रियाकलाप विभाग, भाषा संस्कृति विभाग, जनसम्पर्क तथा कार्यालय सञ्चालन विभाग, प्रशिक्षण विभाग, आर्थिक विभाग, संगठन विभाग, तथ्याङ्क विभाग, स्ववियु समन्वय विभाग, महिला विभाग, विदेश विभाग, विदेश विभाग, प्रचारप्रसार विभाग, स्वास्थ्य विभाग, अनुशासन तथा अनुगमन विभाग र संचार विभाग गठन गरेको जानकारी महासचिव याम बहादुर रोका मगरले जानकारी दिनुभयो। नेपाल मगर संघका सह अध्यक्ष प्रमुख अतिथिले मगरहरुले मगरका गतिविधिहरु, इतिहासहरु, कला सस्कृती , रहनसहन तथा रैथानेकरणलाई दस्तावेजीकरण गर्नका लागि युवा विद्यार्थीहरु लाग्न अुनरोध गर्दै जवसम्म योग्यता, शिक्षा,पठनसस्कृति विकास गर्न सकिदैन तबसम्म मगर उत्थान हुने छैन भन्नुभयो। सम्पुर्ण मगरहरु एक होऔ भन्दै लखन सङ्ग्रहलय निर्माण महाअभियानमा सहयोग र साथ दिन छलफल तथा निर्णय भएको छ। नवनिर्वाचित नेपाल मगर विद्यार्थी संघ केन्द्रिय समितिको महिला विभाग प्रमुख रुयासा मगरले मगर महिला विद्यार्थीहरुको उत्थान, हक हितमा काम र आवाज उठाउने कुराको जानकारी दिनु भयो। मगर महिला विद्यार्थीहरुको उच्च शिक्षामा सहभागी हुने बताउँदै आफुले समेत सिक्दै र सिकाउँदै अगाडी बढने आगामी दिनहरुमा योजना रहेका बताउनुभयो। बैठकको अध्यक्ष राजु पुन मगरको अध्यक्षतामा भएको थियो। रुयासा थापा मगर बागलुङ नगरपालिका १०, भकुण्डे, बागलुङ स्थायी बासिन्दा हुन। धवलागिरी बहुमुखी क्यापस बागलुङमा विविएस तेश्रो वर्षमा अध्ययरत छात्रा हुन्।

# झाडी फाँडेर मेकाडेमिया नटखेती विस्तार

**पोखरापत्र संवाददाता**
पर्वत, ८ असार

जनशक्ति अभाव र बाँदर आतङ्कले खेतीपाती गर्न छाडेर वर्षौंदेखि झाडीमा परिणत भएको खेतबारी जोतेर जापानिज कटुसको नामले परिचित (मेकाडेमिया नट) खेती विस्तार गरिएको छ। पर्वतको कुश्मा नगरपालिका-१२ ठुलीपोखरीस्थित पुवाडाँडामा रहेको एक सय ४० रोपनी क्षेत्रमा मेकाडेमिया नटखेती सुरु गरिएको हो।

पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना, प्रादेशिक आयोजना कार्यान्वयन एकाइ पोखराको सहयोगमा पर्वतमा पहिलोपटक मेकाडेमिया नटखेती सुरु गरिएको छ। उन्नत कृषि कृषक समूहका अध्यक्ष टीकाराम उपाध्यायका अनुसार समूहमा आबद्ध २५ भन्दा बढी सदस्यको बाँझो जग्गा उपयोग गरेर खेती विस्तार गरिएको छ। यस वर्ष मेकाडेनिया नटका एक हजार बिरुवा रोप्ने योजना छ। आयोजनाको ५० प्रतिशत अनुदानसहित झण्डै रु ४६ लाख लगानी गरेर खेती विस्तार गरिएको हो। यसका लागि पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाले रु २३ लाख सहयोग गर्ने भएको छ।

झाडी फडानी, सिँचाइ पोखरी निर्माण, मल तथा बिरुवा खरिद, बिरुवा रोपणलगायत कार्य गर्न उक्त रकम खर्च भएको छ। यस वर्ष लगाइएको मेकाडेनिया नटले चार वर्षदेखि फल दिन सुरु गर्नेछ। दुई वर्षमै सामान्य रूपमा फल लाग्न सुरु हुने भए पनि चार वर्षदेखि पूर्ण मात्रामा आम्दानी लिन सकिने गण्डकी प्रदेशको कृषि, भूमि तथा सहकारी मन्त्रालयका सचिव वासुदेव रेग्मीले जानकारी दिनुभयो। उहाँका अनुसार थोरै ठाउँबाट बढी आम्दानी, रोग तथा जङ्गली जनावरबाट कम नोक्सानी हुने फलफूलको खोजीमा रहेका किसानका लागि मेकाडामिया नट बढी उपयोगी हुने देखिएको छ। समुद्री सतहदेखि एक हजार ६०० मिटरसम्मको सुक्खा क्षेत्रमा यसको उत्पादन राम्रो हुने भएकाले अहिले ठुलीपोखरीमा विस्तार गरिएको खेतीबाट प्रशस्त फाइदा लिन सकिने सचिव रेग्मीले बताउनुभयो। मेकाडेमिया नटलाई बदामजस्तै काँचै फुटाएर खान सकिने र यसबाट खानेतेल, चकलेट, बिस्कुट, आइसक्रिमलगायतमा प्रयोग गर्न सकिने उहाँको भनाइ छ। यसको बिरुवा जेठ र असारमा रोप्दा राम्रो हुने उहाँले बताउनुभयो।

मेकाडेमिया नटको एउटा बोटमा प्रतिवर्ष ५० देखि ७० किलोसम्म फल लाग्ने उहाँले बताउनुभयो। बाँदरले खान नसक्ने भएकाले बढी बाँदर लाग्ने ठाउँमा यसको खेती गर्नुपर्ने उहाँको भनाइ छ। बढ्दो बाँदर आतङ्कले खेतबारी बाँझै रहने क्रम बर्सेनि बढेका बेला फलफूलखेती विस्तार गरे किसानको आम्दानी बढाउन सकिने सचिव रेग्मीले बताउनुभयो। पर्वतमा पहिलोपटक विस्तार गर्न थालिएको मेकाडेमिया नटखेतीको गण्डकी प्रदेशको कृषि, भूमि तथा सहकारीमन्त्री पद्मा जिसी श्रेष्ठले शनिबार वृक्षरोपण गरेर शुभारम्भ गर्नुभयो।

सो अवसरमा मन्त्री श्रेष्ठले बाँझो जमिन सदुपयोग गरेर प्रशस्त आम्दानी लिन सकिने भएकाले यसको खेती विस्तारका लागि आयोजना सञ्चालन गरिएको बताउनुभयो। बढ्दो युवा पलायन, बाँदर आतङ्क, जनशक्तिको अभाव भएकाले एकपटक मेहनत र लगानी गरेर वर्षौंसम्म फाइदा हुने खालको खेतीबाली लगाउनतर्फ किसानलाई आकर्षित गर्नुपर्ने उहाँको भनाइ छ। कार्यक्रममा गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्याल, प्रदेशसभा सदस्य भक्त कुँवरलगायतले जिल्लाका अन्य क्षेत्रमा पनि मेकाडेमिया नटखेतीसँगै भौगोलिक आधारमा उत्पादनको सम्भावना भएका फलफूल विस्तारमा जोड दिइने बताउनुभयो। यसअघि गत वर्षदेखि महाशिला गाउँपालिकाले पनि सात सय बिरुवा मेकाडेमिया नट फलका बिरुवा लगाएर व्यावसायिक रूपमा खेती सुरु गरेको थियो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २८ डुडेगाडा पानी कोलको थाप्ले सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः डुडेगाडा पानी कोलको थाप्ले सडक
ठेगानाः पोखरा-२८
योजना सम्झौता मितिः २०८१/११/१३ गते
योजना शुरु हुने मितिः २०८१/११/१४ गते
योजना सम्पन्न हुने मितिः २०८२/०१/३० गते
योजनाको कुल लागतः रु.५,८८,२८२।-
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु.८८,२८२।-
अध्यक्षः ध्रुव राज गौतम सम्पर्क नं.: ९८४६११४१५४
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४

**डुडेगाडा पानी कोलको थाप्ले सडक निर्माण उपभोक्ता समिति पोखरा-२८**


# अभियानका सदस्यलाई हपिंक, फिनेल र झोल साबुन बनाउने तालिम



**पोखरापत्र संवाददाता**
पोखरा, ८ असार

समूहमा आबद्ध सदस्यहरुलाई स्वरोजगार बनाउने उदेश्य सहित पोखरा महानगरपालिका वडा नम्बर १ लामपाटन मार्गस्थित अभियान महिला समुहले हपिंक, फिनेल र झोल साबुन बनाउने तालिम संचालन गरेको छ।

सिप सिकै र आत्मनिर्भर बनौ भन्ने उदेश्य सहित पोखरा महानगरपालिका वडा नम्बर १ कार्यालयको सहयोगमा आईतबारदेखि दुई दिने तालिम संचालन गरिएको हो। तालिममा सहभागीहरुलाई लक्ष्मी पौडेलले सहजीकरण गरेकी छिन्। तालिमको पोखरा १ का वडा अध्यक्ष सहारा प्रधानले उद्घाटन गदै तालिममा सिकेका कुराहरुलाई व्यवहारमा उतार्न आग्रह गरेका थिए। वडामा यो नयाँ तालिम रहेकाले तालिम पछि समुहमा आवद्ध सदस्यहरुले हपिंक, फिनेल र झोल साबुन उत्पादन गरि ब्यवसायी सगै आत्मनिर्भर बन्न आग्रह गरेका थिए। तालिममा समुहमा आवद्ध ४० जना सदस्यहरुको सहभागिता रहेको समुहकी अध्यक्ष सरस्वती रिमालले जानकारी दिईन।

तालिम पछि सिकेका कुराहरु व्यवहारमा उत्तार्ने गरि आफुहरुले काम गर्ने रिमालले बताईन।